# नयाँ संविधानमा विभिन्न शीर्षकमा समेटिनुपर्ने महिला सम्बन्धी प्रावधानहरू

महिला सभासद् समूहका पूर्व संयोजकहरुद्वारा विघटित संविधानसभाका विषयगत समितिहरुले सम्बोधन गरेका र थप नयाँ संविधानमा समेटिनुपर्ने महिला सम्बन्धी सवालहरु सरोकारवालाहरुको जानकारीकोलागि वितरण गरिएको छ ।

**संविधान सूचना केन्द्र**

नेपाल कानून समाज

**Nepal Law Soceity**

# नयाँ संविधानमा विभिन्न शीर्षकमा समेटिनु पर्ने महिला सम्बन्धी प्रावधानहरू

१. **<u>प्रस्तावना:</u>** "…….सामन्ती, निरङ्कुश, केन्द्रीकृत, एकात्मक र पितृसत्तात्मक राज्य व्यवस्थाले सृजना गरेका विभेद र उत्पीडनको पीडालाई अन्त्य गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, आधारभूत मानव अधिकार, महिला अधिकारलाई आत्मसात गर्दै समानता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशीताको सिद्धान्तबाट समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै……।"

**भाग…..**

**नागरिकता**

२. **<u>वंशजको आधारमा नागरिकता:</u>** (१) नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछः-

(क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजकी आमा वा बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,

(ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भएको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजकी आमा वा बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,

(ग) नेपाली महिला नागरिकबाट नेपालमा जन्म भएको र बाबुको पहिचान हुन नसकेको व्यक्ति ।

(२) नेपाल भित्र फेला परेका आमा बाबुको ठेगान नभएका प्रत्येक बालबालिका निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछन् ।

३. **<u>अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था:</u>** यस संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका नेपालमा स्थायी रूपमा दश वर्ष बसोबास गरेका विदेशी नागरिकले नेपालको नागरिकता लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग गरेपछि निजलाई प्रचलित कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ ।

४. **<u>वंशीय तथा लैङ्गिक पहिचान सहितको नागरिकता:</u>** प्रत्येक नागरिकलाई निजकी आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।

**भाग**

**मौलिक हक र कर्तव्य**

५. **<u>समानताको हक:</u>** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लैङ्गिक उमेर, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लैङ्गिक उमेर, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

तर आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, किसान, मजदुर, पिछडिएको क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पतिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुनेछ ।

६. **आमसञ्चार सम्बन्धी हक:** ........

तर, सार्वजनिक शिष्टाचार, नैतिकता वा लैङ्गिक संवेदनशीलता प्रतिकूल वा महिलाको अधिकार वा सम्मानमा आँच आउने कार्यमा प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

७. **शोषण विरूद्धको हक:** धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

८. **महिला सम्बन्धी हक:** (१) प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ ।

(२) महिलालाई महिला भएकै कारणले कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

(३) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सम्बन्धी हक हुनेछ ।

(४) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(५) राज्य संयन्त्रका सबै निकायमा महिलाको समानुपातिक जनसंख्याको आधारमा सहभागिताको हक हुनेछ ।

(६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर पाउने हक हुनेछ ।

(७) प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय महिलाको आवश्यकतलाई अग्राधिकार दिंदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गरिनेछ ।

(८) प्रत्येक महिलालाई आफ्नो समुदायको आनुवंशिक स्रोत एवं सांस्कृतिक सम्पदा सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्वर्द्धन एवं सुरक्षण गर्ने अधिकार हुनेछ र त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गरिनेछ ।

९. **परिवार सम्बन्धी हक:** (१) कसैले पनि एकै समयमा एकभन्दा बढी पति वा पत्नी राख्न पाउने छैन ।

(२) प्रत्येक व्यक्तिलाई प्रचलित कानूनको अधीनमा रही विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुनेछ ।

(३) विवाह गर्ने पक्षको इच्छा विपरित वा पूर्ण र स्वतन्त्र सहमति विना विवाह गराउन पाइने छैन ।

(४) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ ।

(५) सन्तानको पालन पोषण, स्याहार संभार तथा सर्वाङ्गिण विकासका लागि आमा बाबुको, अभिभावकको सम्मान र पालनपोषणको लागि प्रत्येक सन्तानको समान अधिकार र दायित्व हुनेछ ।

(६) उपधारा (१) र (३) विपरितको कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ ।

१०. **सामाजिक न्यायको हक:** सामाजिक रूपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति,

युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा पिछडिएको क्षेत्रलाई जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।

११. **सामाजिक सुरक्षा सम्बन्धी हक:** विपन्न वर्ग, अशक्त, असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा पाउने हक हुनेछ ।

१२. **मौलिक कर्तव्य:** आमा, बाबु, बालबालिका, जेष्ठ नागरिक, महिला, अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति तथा मानव समुदायप्रति आदर र सम्मान गर्नु सबैको मौलिक कर्तव्य हुनेछ ।

**भाग..**

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

१३. **निर्देशक सिद्धान्त:** धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै साम्प्रदायिक सद्भाव, ऐक्यवद्धता र सामञ्जस्यता कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक सांस्कृतिक उद्देश्य हुनेछ ।

१४. **सामाजिक, सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति:** (१) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति वा संस्कारको नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने,

(२) वैवाहिक अवस्थाका आधारमा महिलाप्रति गरिने विभेदपूर्ण व्यवस्थालाई हटाउने,

(३) एकल, देहव्यापारमा संलग्न, बेचविखन गरिएका, बोक्सी र देउकी जस्ता अन्याय र अपमानका शिकार बनाइएका महिलालाई राज्यले विशेष व्यवस्था गरी आत्मनिर्भर बनाउने,

१५. **अर्थ वाणिज्य सम्बन्धी नीति:** सबै लिङ्ग, क्षेत्र, जाति र समुदाय भित्रका विपन्न वर्गका नागरिकलाई विशेष प्राथमिकता दिँदै राष्ट्रिय आयको न्यायोचित वितरण गर्ने,

१६. **आधारभूत आवश्यकता सम्बन्धी नीति:** देशको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ, शिशु मृत्युदर घटाई औषत आयु बढाउने,

१७. **प्राकृतिक साधन, स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति:** देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र उपयोगमा स्थानीय समुदायको महिला, भूमिहिन र विपन्न वर्गका व्यक्तिहरूलाई अग्राधिकार दिने र प्राप्त लाभमा समन्यायिक पहुँच सुनिश्चित गर्ने ।

१८. **सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति:** (१) समानता र अविभेदको मान्यता अनुरूप सबै प्रकारका सामाजिक, सांस्कृतिक विभेदको अन्त्य गर्दै मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने प्रत्येक नागरिकको अधिकार सुनिश्चित गर्ने,

(२) महिला, दलित, मधेशी, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको गरीब, किसान, मजदूर, युवा वर्गलाई मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा जनसंख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराउँदै जाने,

(३) एकल महिलालाई रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनको लागि समुचित व्यवस्था गर्दै जाने,

(४) जोखिममा परेका र सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने,

(५) महिलाका प्रजनन दायित्वलाई सामाजिक दायित्वको रूपमा आत्मसात् गर्दै प्रजनन सम्बन्धी सबै अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(६) महिलालाई राज्यका हरेक आम जनसंख्याको आधारमा समानुपातिक समावेशी सहभागिताका लागि विशेष व्यवस्था गर्ने,

(७) घरायसी काममा परिवारका सबै सदस्यहरू बीच साझेदारीको संस्कार विकास गर्दै बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्दै राष्ट्रिय आयमा गणना गर्ने ।

१९. **न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिः** (१) महिलामाथि हुने भेदभाव, हिंसा, अवहेलना र अपमान तथा देउकी, झुमा, वादी, छाउपडी, बहुपति, बहुपत्नी र बालविवाह, कमलरी, बोक्सी, दाइजो आदिलाई कानूनद्वारा दण्डनीय बनाउने ।

(२) महिलाको पहिचान, मर्यादा र मानवतामाथि प्रहार गर्ने सबै खाले चिन्तन वा विचारका साथै बेचबिखन र देह व्यापार जस्ता कुरालाई मानव अधिकारको उल्लङ्घनका रूपमा लिई यस्ता कार्यमा संलग्न व्यक्तिलाई कानूनद्वारा आजीवन कारावासको सजाँय हुने व्यवस्था गर्ने ।

२०. **सङ्घीय व्यवस्था तथा राज्यशक्तिमा महिला सम्बन्धी नीतिः** (१) राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा महिलालाई समानुपातिक समावेशी प्रतिनिधित्वको अधिकारको व्यवस्था गर्ने,

(२) शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा महिलालाई विशेष अधिकारको व्यवस्था गर्ने,

(३) नीति-निर्माण तहको नेतृत्वदायी पदमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्वको लागि विशेष व्यवस्था गर्ने,

(४) प्रदेश प्रमुखहरू एवं प्रदेश कार्यपालिकामा पचास प्रतिशत महिला सहभागिताको सुनिश्चितता गर्ने,

(५) महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी महिला, आदिवासी जनजाति महिला, अल्पसंख्यक र दलित, मुस्लिम महिला तथा मजदूर र किसान महिला समेतको समानुपातिक प्रतिनिधित्व गराउने र त्यसरी प्रतिनिधित्व गराउँदा वा महिला र पुरूषको समान अधिकारको प्रत्याभूति गर्दा वा सहभागिताको सुनिश्चितता गर्दा निम्न वर्ग, उत्पीडित वर्गका महिलालाई प्राथमिकता दिने ।

## भाग ....

## सङ्घीय कार्यपालिका

२१. **राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुखको निर्वाचनः** (१)

(२) राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुख मध्ये एकजना महिला हुनेछ ।

२२. **सङ्घीय मन्त्रिपरिषद्को गठनः** (१)

(२) प्रधानमन्त्री र उपप्रधानमन्त्री मध्ये एकजना महिला हुनेछ ।

## भाग....

## सङ्घीय व्यवस्थापिका

२३. **प्रतिनिधिसभाको गठनः** प्रतिनिधिसभामा रहने कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरूको प्रतिनिधित्व महिलाको हुनेछ । यस्तो प्रतिनिधित्वमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा एकल, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम तथा अन्य पिछडिएका क्षेत्रका महिला समेत समावेश हुनेछन् ।

२४. **राष्ट्रियसभाको गठनः** राष्ट्रियसभामा रहने कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरूको प्रतिनिधित्व महिलाबाट हुनेछ । त्यसरी हुने प्रतिनिधित्वमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा एकल, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम तथा अन्य पिछडिएका क्षेत्रका महिला समेत समावेश हुनेछन् ।

**भाग..**

**सङ्घीय व्यवस्थापिका**

२५. **प्रतिनिधिसभाको सभामुख र उपसभामुखः** (१)

(२) प्रतिनिधिसभाको सभामुख र उपसभामुख मध्ये एकजना महिला हुनेछ ।

२६. **राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षः** (१)

(२) राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनेछ ।

२७. **कार्यसञ्चालन विधिः** (१)......

(२) व्यवस्थापिका संसदको प्रत्येक सदनले आफ्नो नियमावलीमा व्यवस्था गरी महिला समिति लगायत अन्य समितिको गठन र सञ्चालन गर्न सक्नेछ । त्यसरी गठन हुने समितिहरूको नेतृत्व र सदस्य संख्या पचास प्रतिशत महिला हुनेछन् ।

२८. **प्रदेश मन्त्रिपरिषद्को गठनः** (१) ......

(२) मुख्यमन्त्री र उपमुख्यमन्त्री मध्ये एकजना महिला हुनेछ ।

**भाग...**

**प्रदेश व्यवस्थापिका**

२९. **प्रदेशसभाको गठनः** प्रदेश सभामा रहने कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरू महिलाबाट हुनेछ । त्यसरी हुने प्रतिनिधित्वमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा एकल, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम तथा अन्य पिछडिएको क्षेत्रका महिला समेत समावेश हुनेछन् ।

**भाग.....**

**प्रदेश व्यवस्थापिका**

३०. **कार्यसञ्चालन विधिः** (१).....

(२) प्रदेशसभाले आफ्नो नियमावलीमा व्यवस्था गरी महिला समिति लगायत अन्य समितिको गठन र सञ्चालन गर्न सक्नेछ । त्यसरी गठन हुने समितिहरूको नेतृत्व र सदस्य संख्याको पचास प्रतिशत महिलाबाट हुनेछ ।

**भाग....**

**न्यायपालिका**

**३१.** **नेपालका अदालतहरूः** (१) महिलासँग सम्बन्धित विवाद निरूपणका लागि कानूनद्वारा जिल्ला र स्थानीय स्तरमा छुट्टै पारिवारिक अदालतको स्थापना र उच्च अदालत तथा सर्वोच्च अदालतमा छुट्टै पारिवारिक इजलासको व्यवस्था गर्न सकिनेछ ।

(२) महिलासँग सम्बन्धित खास किसिमका मुद्दाको कारबाही र किनारा गर्न कानूनद्वारा खास किसिमका अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्न सकिन्छ ।

३२. **सर्वोच्च अदालतका प्रधानन्यायाधीश तथा न्यायाधीशहरूको नियुक्तिः** (१)..........

तर त्यसरी नियुक्ति गर्दा महिला तथा पुरूषको संख्या समान हुने गरी गर्नु पर्नेछ ।

३३. **अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरूको नियुक्तिः** (१).....

तर त्यसरी नियुक्ति गर्दा महिला तथा पुरूषको संख्या समान हुने गरी गर्नु पर्नेछ ।

३४. **सङ्घीय न्याय परिषद्:** (१).....

(२) सङ्घीय न्याय परिषद्‌मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहने छन्:

| | | |
|---|---|---|
| (क) | प्रधानन्यायाधीश | अध्यक्ष |
| (ख) | न्यायमन्त्री वा राज्यमन्त्री | सदस्य |
| (ग) | सर्वोच्च आलतका वरिष्ठतम महिला र पुरूष न्यायाधीश दुईजना | सदस्य |
| (घ) | .................. | |

३५. **प्रदेश न्यायपरिषद्:** (१)

(२) प्रदेश न्यायपरिषद्‌मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्:

| | | |
|---|---|---|
| (क) | प्रदेश उच्चअदालतका मुख्य न्यायाधीश | अध्यक्ष |
| (ख) | प्रदेश न्यायमन्त्री वा राज्यमन्त्री | सदस्य |
| (ग) | प्रदेश उच्च अदालतका वरिष्ठतम महिला र पुरुष न्यायाधीश दुईजना | सदस्य |
| (घ) | ...................... | |

३६. **सङ्घीय न्यायसेवा आयोग:** (१)

(२) सङ्घीय न्यायसेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:

| | | |
|---|---|---|
| (क) | प्रधानन्यायाधीश | अध्यक्ष |
| (ख) | न्यायमन्त्री वा न्याय राज्यमन्त्री | सदस्य |
| (ग) | सर्वोच्च अदालतका वरिष्ठतम महिला र पुरूष न्यायाधीश दुईजना | सदस्य |
| (घ) | ...................... | |

३७. **प्रदेश न्यायसेवा आयोग:** (१)

(२) प्रदेश न्यायसेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:

| | | |
|---|---|---|
| (क) | प्रदेश उच्च अदालतका मुख्य न्यायाधीश | अध्यक्ष |
| (ख) | प्रदेश न्याय मन्त्री वा राज्यमन्त्री | सदस्य |
| (ग) | प्रदेश उच्च अदालतका वरिष्ठतम महिला र पुरुष न्यायाधीश दुईजना | सदस्य |
| (घ) | ...................... | |

## भाग .....

## महिला आयोग

३८. **महिला आयोग:** नेपालमा एक महिला आयोग (यसपछि यस भागमा “आयोग” भनिएको) हुनेछ जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहने छन् । आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति समावेशी सिद्धान्तका आधारमा गरिनेछ ।

३९. **आयोगका अध्यक्ष र सदस्यको नियुक्ति, पदावधि र योग्यता:** (१) राष्ट्रप्रमुखले संवैधानिक परिषद्‌को सिफारिसमा आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निज थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछ ।

तर

(क) त्यस्तो पदावधि पूरा हुन अगावै आयोगका अध्यक्ष वा सदस्यको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) आयोगका अध्यक्ष र सदस्यको पद देहायका अवस्थामा रिक्त हुनेछः-

(क) निजले राष्ट्रपति समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा वा

(ग) निजको मृत्यु भएमा ।

(४) आयोगका अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरी कम्तिमा दशवर्ष महिलाको हकहित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा भएको ।

(५) आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू प्रचलित कानून बमोजिम हुनेछन् । आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैन ।

तर चरम आर्थिक विश्रृङ्खलताको कारण सङ्कटकाल लागू भएको अवधिभर यो व्यवस्था लागू हुनेछैन ।

(६) आयोगको अध्यक्ष र सदस्य भईसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर

(क) आयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ,

(ख) कुनै राजनीतिक पद वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

४०. **आयोगको काम, कर्तव्य र अधिकारः** (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हकहितसँग सम्बन्धित प्रचलित कानूनको पालना भए नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व पूरा भए नभएको विषयमा अनुगमन गरी पालना वा पूरा नभएको भए त्यसको पालना वा पूरा गर्नका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्न र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस एवं अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन नेपाल सरकारले यथासमयमा पठाए वा नपठाएको अनुगमन गर्ने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरिएको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा प्रचलित कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(२) यस संविधानको अधीनमा रही आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

४१ **प्रदेश व्यवस्था:** प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

४२. **वार्षिक प्रतिवेदन:** (१) आयोगले प्रत्येक वर्ष यस संविधान र प्रचलित कानून बमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्नेछ र राष्ट्रप्रमुखले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त वर्ष भरीमा नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण तथा महिला अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

## भाग....

## राजनीतिक दल

४३. **राजनीतिक दल सम्बन्धी व्यवस्था:** दलको विधान र नियमावलीमा दलका विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित हुने गरी जनसंख्याको आधारमा महिलाको समानुपातिक समावेशी सहभागिताको व्यवस्था गरेको हुनु पर्नेछ ।

## भाग.....

## विविध

४४. **नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति:** नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्ति गर्न मन्त्रिपरिषद्ले राष्ट्रप्रमुख समक्ष सिफारिश गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ ।

४५ **राष्ट्रिय गान:** राष्ट्रिय गानको चौथो हरफमा रहेको "वीरहरूका" भन्ने शब्दको सट्टा "वीरवीराङ्गनाहरूका" भन्ने शब्दहरू राख्ने

# महिला समुदायका सवालहरूमा संविधानसभाका विषयगत समितिहरुबाट प्रस्तावित व्यवस्थाहरू

नयाँ संविधानमा महिला समुदायको लागि न्याय, समानता, आत्म सम्मान, पहिचान र समावेशीकरण लगायतका आधारभूत अधिकारको सुनिश्चितता हुनुपर्ने तथ्यलाई मनन गरी विघटित संविधानसभा र यसका समितिहरूले प्रस्ताव गरेका मूलभूत कुराहरूलाई एकीकृत गरी प्रस्तुत गरिएको छ ।

**संविधान सूचना केन्द्र**

नेपाल कानून समाज

**Nepal Law Soceity**

# महिला समुदायका सवालहरूमा संविधानसभाका विषयगत समितिहरुबाट प्रस्तावित व्यवस्थाहरू

## १. परिचय

नेपालको कूल जनसंख्या मध्ये आधा भन्दा बढी महिलाको संख्या रहेको छ । तर उनीहरू अवसर, शक्ति र स्रोत साधनको पहुँचमा पछाडि परेका र पारिएका छन् । समाजमा महिलामाथि भेदभाव, शोषण, नियन्त्रण, हिंसा, असमानता र बेइज्जति व्याप्त छ । आर्थिक शोषण र सामाजिक विभेदका विविध स्वरूपले जरा गाडेको पाइन्छ । महिलाको आर्थिक, सामाजिक, राजनीतिक र कानूनी संरचनामा पहुँच र नियन्त्रण कमजोर रहेको कारण उनीहरू निर्णायक हुन सकेको अवस्था छैन । यसको मूल जडको रूपमा पितृसत्तात्मक सोंच र व्यवहार रहेको छ । लैङ्गिक असमानता र भेदभावको कारण उनीहरूको आत्मसम्मान र मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकारको सम्मान हुन सकेको अवस्था छैन । नयाँ संविधानमा महिला समुदायको लागि न्याय, समानता, आत्म सम्मान, पहिचान र समावेशीकरण लगायतका आधारभूत अधिकारको सुनिश्चितता हुनु पर्ने तथ्यलाई मनन् गरेर विघटित संविधान सभा र यसका समितिहरूले प्रस्ताव गरेका मूलभूत कुराहरूलाई एकिकृत गरी प्रस्तुत गरिएको छ ।

## २. संविधानसभा विषयगत समितिका अवधारणापत्रहरूमा समेटिएका महिला समुदायका सवालहरू

### २.१ संवैधानिक निकायको संरचना निर्धारण समिति

यस समितिले हाल कायम रहेका अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतका पाँचवटा आयोगहरू र महिला आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय, तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग, मधेशी आयोग, मुस्लिम आयोग गरी ११ वटा आयोगको प्रस्ताव गरेको छ । यी आयोगहरूमा प्रमुख आयुक्त, अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्दा समानुपातिक समावेशिताको आधारमा गरिने व्यवस्था गरेको पाइन्छ ।

#### संवैधानिक निकायको रूपमा महिला आयोग

महिलाको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यले महिला आयोगको व्यवस्था प्रस्ताव गरिएको छ ।

#### आयोगको गठन वा स्वरूप

नेपालमा एक सङ्घीय महिला आयोग हुने, जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरू रहने व्यवस्था गरिएको छ ।

#### आयोगका पदाधिकारीहरूको नियुक्ति र पदावधी

आयोगका पदाधिकारीहरूलाई स्वतन्त्र र निष्पक्ष रूपमा काम गर्न सुनिश्चितता प्रदान गर्न संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिने अथवा राष्ट्रपतीय शासन पद्धति भएमा राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिने । उनिहरूको पदावधि छ वर्षको हुने । स्वतन्त्र, निष्पक्ष रूपमा काम गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरूको संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिएको छ ।

**पदबाट मुक्त हुने अवस्था**

आयोगका पदाधिकारीहरूलाई सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने प्रावधान राखि पदको संरक्षण प्रदान गरिएको छ ।

**आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

- महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,
- महिलाको हक हितसँग सम्बन्धित कानून र नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी नेपाल सरकार समक्ष सुझाव दिने,
- महिलालाई विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न लागू भएका नीतिकार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यक कुरा सिफारिश गर्ने,
- प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने,
- महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोगमा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा दायर गर्नुपर्ने अवस्था देखिएमा अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने,
- कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने ।

## २.२ मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

### (क) मौलिक हक अधिकारहरू

यस समितिले प्रस्तावित गरेका सबै मौलिक हकहरूमा महिला समुदायको पनि सरोकार हुन्छ नै । यी मध्ये पनि महिला समुदायको लागि न्याय, समानता, सम्मान र मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकारको प्रत्याभूति गर्ने हकहरू समेत रहेका छन्-

**समान सरोकारका हक अधिकारहरू:-**

- सम्मानपूर्वक बाँच्न पाउने हक,
- समानताको हक,
- छुवाछुत तथा भेदभाव विरूद्धको हक,
- शोषण विरूद्धको हक,
- शिक्षा, रोजगारी, स्वास्थ्य, खाद्य, आवास सम्बन्धी हक अधिकारहरू,
- दलित समुदाय सम्बन्धी हक,
- सामाजिक न्याय र सामाजिक सुरक्षा सम्बन्धी हक ।

**महिला समुदायको  न्याय, समानता, सम्मान र मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकारको प्रत्याभूति गर्ने विशेष किसिमका व्यवस्थाहरूः–**

**समानताको हक**

- राज्यले र कानूनमा व्यक्तिहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था जस्ता कुनै पनि आधारमा भेदभाव नगर्ने प्रत्याभूति गरिएको,
- लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने,
- पुर्ख्यौली सम्पत्तिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने,
- आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत समुदायका व्यक्तिहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने व्यवस्था राखिएको ।

**प्रजनन् स्वास्थ्यको अधिकार**

प्रत्येक व्यक्तिलाई यौनजन्य तथा शारीरिक एवं मानसिक स्वास्थ्यको अधिकार, प्रसुति सेवा, सुत्केरी सेवा र नवजात शिशु सेवा सहितको सुरक्षित मातृत्व एवं सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन सेवा समेतका लागि प्रजनन् स्वास्थ्यको अधिकार प्रत्याभूत गरिएको ।

**सामाजिक न्यायको हक**

सामाजिक रूपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान, मजदूर तथा उत्पीडित क्षेत्रका व्यक्तिलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना र सार्वजनिक सेवामा सहभागिताको हक हुने ।

**महिला सम्बन्धी हकः**

- प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुने,
- महिला विरूद्ध कुनै किसिमको लैङ्गिक भेदभाव नगरिने,
- प्रत्येक महिलालाई प्रजनन सम्बन्धी हक हुने,
- महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य दण्डनीय हुने,
- राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुन,
- प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसर प्राप्त गर्ने हक हुने ।

**परिवार सम्बन्धी हकः**

- कसैले पनि एकभन्दा बढी पति वा पत्नी राख्न नपाउने,
- प्रत्येक व्यक्तिलाई विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुने,
- इच्छा विपरित वा स्वतन्त्र सहमति विना कसैलाई पनि विवाह गराउन नपाइने,
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने ।

### (ख) नागरिकता सम्बन्धमा प्रस्तावित व्यवस्था

- नागरिकताको सम्बन्धमा पुरूष र महिलालाई समान किसिमका व्यवस्था गरिएको,
- वंशजका आधारले नागरिकता प्राप्त गर्न आमा र बाबु नेपाली नागरिक हुनुपर्ने,
- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध गाँस्ने विदेशी नागरिकले नेपाली अङ्गीकृत, नागरिकता प्राप्त गर्न १५ वर्ष नेपालमा स्थायी बसोबास गरेको हुनुपर्ने,
- बाबुको पत्ता नलागेका प्रथा, परम्परा (जस्तै वादी, झुमा) र यौन हिंसाबाट जन्मिएका बालबच्चाले अङ्गीकृत नागरिकता पाउने,
- वंशजका आधारमा नागरिकता प्राप्त व्यक्तिमात्र राष्ट्रप्रमुख, सरकार प्रमुख, संवैधानिक निकाय प्रमुख, सुरक्षा निकायका प्रमुख हुन पाउने,
- आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिने ।

## २.३ व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति

यो समितिले देशको भावि व्यवस्थापिकाको स्वरूपमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदन रहने तथा प्रदेशमा प्रदेश सभा रहने व्यवस्था गरेको छ । प्रतिनिधि सभा तथा प्रदेश सभाका जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरूको प्रतिनिधित्व महिलाबाट हुने सुनिश्चितता गरिएको छ । प्रतिनिधि सभाको सभामुख र उप-सभामुख मध्ये, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये तथा प्रदेश सभाको सभामुख र उप-सभामुख मध्ये एक-एक जना महिला हुनुपर्ने भनिएको छ,

राष्ट्रिय सभामा रहने ५१ जना सदस्यमध्ये १३ जना सदस्यहरूको छनौट प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक, महिला, जाति, भाषिक, धार्मिक, पिछडिएका वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट गरिने व्यवस्था रहेको ।

## २.४ अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

यस समितिले सबै नेपाली नागरिकलाई आफ्नो बाबु वा आमा वा दुबैको नामबाट अनि आफ्नो वंश, थर वा कैरनका आधारमा नागरिकता प्राप्त गर्ने हक हुने कुरा उल्लेख गरेको छ ।

## २.५ सामाजिक र सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति

यस समितिले एकल महिला, वृद्ध, अपाङ्ग, अशक्त, असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने तथा उत्पीडित क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको सुनिश्चितता गरेको छ ।

## २.६ राज्यको शासकीय स्वरूप निर्धारण समिति

यस समितिले केन्द्रको शासकीय स्वरूपका सम्बन्धमा स्पष्ट व्यवस्था गर्न सकेको थिएन । तर प्रदेश र स्थानीय तहको कार्यकारिणीको स्वरूपका बारेमा सहमतिका साथ प्रस्ताव गरेको थियो । त्यस विषयमा महिला समुदायको सरोकारको बारेमा कुरा गर्दा कार्यकारिणी निकायमा महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको थियो थिएन भन्ने विषयले महत्व राख्दछ । यस समितिले प्रदेशको मुख्यमन्त्रीले मन्त्रीहरू नियुक्ति गर्दा प्रादेशिक व्यवस्थापिकाको सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नुपर्ने व्यवस्थालाई प्रस्ताव गरेको थियो । त्यसैगरी स्थानीय निकाय ( नगरपालिका र गा .वि .स .) को कार्यकारिणी निकायमा सदस्यहरूको मनोनयन गर्दा अध्यक्षले समानुपातिक र समावेशी सिद्धान्त बमोजिम मनोनयन गर्नु पर्ने व्यवस्था रहेको छ ।

## २.७ न्याय प्रणाली समिति

### जिल्ला/स्थानीय अदालतमा दलित इजलास सम्बन्धी व्यवस्था

यस समितिको प्रतिवेदनमा जिल्ला/स्थानीय अदालतमा महिलाको घरेलु हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद आदि समाधान गर्न प्रादेशिक कानून बमोजिम छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत गठन गर्न सकिने व्यवस्था गरिएको । त्यसैगरी न्यायाधीशको नियुक्ति गर्दा योग्यता पुगेका व्यक्तिहरू मध्येबाट समानुपातिक समावेशिताको आधारमा नियुक्ति गरिने व्यवस्था प्रस्तावित गरिएको छ ।

## २.८ राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

यस समितिले महिलाको राजनीतिक, आर्थिक, सामाजिक अवस्था ज्यादै पछाडि परेको तथा महिला विभिन्न अवसरबाट वञ्चित रहेका हुनाले विशेष अधिकारको व्यवस्था हुनु पर्ने भनेर महिलाको लागि देहायका अधिकारहरू सुनिश्चितताको लागि सिफारिस गरेको छः–

- पैतृक सम्पत्ति, नागरिकता, वंशज तथा पारिवारिक मामिलामा पुरूष सरह समान अधिकार,
- समान कामका लागि समान पारिश्रमिक पाउने तथा सम्बन्ध विच्छेदको अधिकार,
- प्रजनन स्वास्थ्य तथा प्रजनन् सम्बन्धी अधिकार,
- सुरक्षित मातृत्वको अधिकार,
- राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुने,
- नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिने,
- महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी महिला, आदिवासी जनजाति महिला, अल्पसंख्यक र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराइने ।

उल्लिखित हक अधिकारका साथै यस समितिले महिला आयोगको व्यवस्था पनि प्रस्ताव गरेको छ ।

## २.९ संवैधानिक समिति

प्रस्तावनामा यस समितिले नेपाललाई वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्थाजन्य विभेदमुक्त राज्य घोषणा गर्दै सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी मान्यताको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको,

यस समितिको प्रस्तावित मस्यौदाको धारा १५ मा समानुपातिक समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्त गरिने व्यवस्था गरेको ।

## २.१० प्राकृतिक स्रोत आर्थिक अधिकार र राजश्व बाँडफाँड समिति

यस समितिको प्रतिवेदनले प्राकृतिक स्रोतबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने कुरालाई राज्यको दायित्वमा राखेको छ । त्यसका साथै प्राकृतिक एवं आर्थिक स्रोतसाधनलाई सीमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नदिने राज्यको उद्देश्य हुने कुरा समेत उल्लेख गरिएको छ ।

३. **नागरिकता सम्बन्धमा उच्चस्तरीय राजनीतिक संयन्त्रको निर्णय र संविधान सभाको निर्देशन**

संविधान सभाको सबै भन्दा ठूलो दलका नेता पुष्पकमल दाहाल "प्रचण्ड"को संयोजकत्वमा रहेको उच्चस्तरीय राजनीतिक संयन्त्रले नागरिकताको वारेमा देहायको व्यवस्था गरिनुपर्ने निर्णय गरेको थियोः–

- वंशजको नागरिकता प्राप्त गर्न आमा र बाबु नेपाली हुनुपर्ने,
- विदेशी महिलाले नेपाली पुरूषसँग विवाह गरे पछि विदेशको नागरिकता त्याग गर्ने कारबाही चलाएपछि नेपाली अङ्गीकृत नागरिकता तत्काल प्राप्त गर्ने,
- यदि नेपाली महिलाले विदेशी पुरूषसँग विवाह गरेमा उनको पतिले नागरिकता पाउन १५ वर्ष कुर्नुपर्ने,
- बाबु पत्ता नलागेका नेपाली आमाका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने तर पछि बाबु विदेशी हो भन्ने प्रमाणित भएमा अङ्गीकृतमा परिणत हुने र
- नेपाली पुरूषसँग विवाह गरेर आएका विदेशी महिलाले संवैधानिक निकायमा नियुक्ति पाउन कुनै रोक टोक नलाग्ने ।

महिला र पुरूषका बीचमा नागरिकताको सवालमा असमान रहेको उल्लिखित निर्णयका वारेमा महिला सभासदहरूको विरोध रहेको भए तापनि बहुमतको आधारमा संविधान सभाले अनुमोदन गरेर मस्यौदा एकिकरण गर्नको लागि सवैधानिक समितिलाई निर्देशन दिएको थियो । तर पनि नागरिकताको सवालमा अन्तिम समय सम्म पनि विवादहरू कायम नै रहेको पाइन्छ । त्यसबाहेक संविधान सभाले महिला समुदायको हक अधिकारको वारेमा विषयगत समितिले दिएका सिफारिसहरूलाई संविधानको एकिकृत मस्यौदामा समावेश गर्नको लागि संविधान सभाले संवैधानिक समितिलाई निर्देशन दिएको अवस्था रहेको थियो ।


**विस्तृत जानकारीको लागि**

# संविधान सूचना केन्द्र

**नेपाल कानून समाज**

**Nepal Law Soceity**

बबरमहल, काठमाण्डौ, नेपाल

फोनः ४२६६७३५/४२२८४९७, फ्याक्सः ४२२८४९७, पो.ब.नं.: १३२११

इमेल : nls@wlink.com.np, वेब-साइट : www.nls.org.np,



**मितिः २०७० कार्तिक ८**